माडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घर्तीगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

**स्थानीय राजपत्र**

खण्ड :७ संख्याः ३ मितिः २०८०/१०/०२

भाग-२

कार्यपालिकाबाट स्वीकृत मितिः२०८०/ ९/२५

# माडी प्रज्ञा प्रतिष्ठान सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः-**

माडी प्रज्ञा प्रतिष्ठान माडी गाउँपालिका भित्रका भाषा, साहित्य, दर्शन, कला, संस्कृति तथा सामाज अध्ययन र अन्वेषण गर्न, मौलिक सृजनात्मक वातावरणको सृजना गर्न, पालिका भित्रका विद्वान एवम् प्रतिभाहरुको सम्मान गर्न, सृजनात्मक चिन्तन र रचनात्मक कार्यमा जनताको सर्वाङ्गिण सहभागिता जुटाउन तथा एवम् पालिका स्तरमा प्राज्ञिक गतिविधि सञ्चालन गर्ने उदेश्यले **माडी प्रज्ञा प्रतिष्ठान** स्थापना र सञ्चालन वान्छनीय भएकोले

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी यो कार्यविधि बनाई जारी गरिएको छ ।

## अनुच्छेद-१

प्रारम्भिकः

**१.संक्षिप्त नाम र प्रारम्भः** यो कार्यविधिको नाम "माडी प्रज्ञा प्रतिष्ठान कार्यविधि, २०८०" रहेको छ ।

**२.प्रारम्भः** यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएपछि मितिदेखि लागू हुनेछ ।

**३.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "**गाउँपालिका**" भन्नाले **माडी गाउँपालिकालाई** सम्झनु पर्छ ।

ख. "**कार्यपालिका** " भन्नाले **माडी गाउँ कार्यपालिकालाई** सम्झनु पर्छ ।

ग. "**वडा समिति** " भन्नाले **माडी गाउँपालिकाको वडा समितिलाई** सम्झनु पर्छ ।

घ. "**पालिका अध्यक्ष**" भन्नाले **माडी गाउँपालिकाको अध्यक्षलाई** सम्झनु पर्छ ।

ङ. "**पालिका उपाध्यक्ष**" भन्नाले **माडी गाउँपालिकाको उपाध्यक्षलाई** सम्झनु पर्छ ।

च. "**वडा अध्यक्ष**" भन्नाले **माडी गाउँपालिकाको वडा अध्यक्षलाई** सम्झनु पर्छ ।

छ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले माडी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ज. "सभा वा गाउँसभा" भन्नाले माडी गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

झ. "प्रतिष्ठान" भन्नाले माडी गाउँपालिका अन्तर्गत गठित प्रतिष्ठानलाई सम्झनु पर्छ ।

ञ. "अध्यक्ष" भन्नाले प्रतिष्ठानको अध्यक्षलाई सम्झनु पर्छ ।

ट. "सदस्य" भन्नाले प्रतिष्ठानको सदस्यलाई सम्झनु पर्छ ।

ठ. "सदस्य सचिव" भन्नाले प्रतिष्ठानको सदस्य सचिवलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

### प्रतिष्ठान स्थापना, संरक्षक र गठन पदावधि,योग्यता, राजिनामा, पुनः पदपुर्ति तथा फिर्ता बोलाउनेः

**४.प्रतिष्ठानको स्थापनाः** (१) माडी गाउँपालिका क्षेत्रको साहित्य, कला, संगित र संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्न गाउँ कार्यपालिकाले माडी गाउँपालिका प्रज्ञा स्थापना गर्नेछ ।सो प्रतिष्ठानको संरक्षक गाउँपालिकाको अध्यक्ष हुनेछ ।

**५.प्रतिष्ठानको गठनः**(१) दफा ४ बमोजिम स्थापना भएको प्रतिष्ठानको गठन दफा ११ बमोजिम योग्यता भएका सम्बन्धित क्षेत्रका ख्याति प्राप्त जागरुक र क्रियाशिल व्यक्तिहरु मध्येबाट देहाय बमोजिम हुनेछः

**क.** क्षेत्रमा विशिष्ट योगदान पुर्याउने व्यक्तिहरु मध्येबाट गाउँ कार्यपालिकाको सिफारिसमा तोकेको ब्यक्तिः **अध्यक्ष**

**ख.** सामाजिक विकास समितिको संयोजकः**सदस्य**

**ग.** गाउँपालिका भित्र साहित्य, ललितकला तथा संगित क्षेत्रमा ख्याति प्राप्त जागरुक र क्रियाशिल व्यक्तिहरु मध्येबाट गाउँपालिकाको सिफारिसमा गाउँपालिका अध्यक्षले तोकेको ३ जना व्यक्तिः **सदस्य**

**घ.** गाउँपालिका भित्र साहित्य, कला र संगित क्षेत्रमा क्रियाशिल संघ संस्थाहरु मध्येबाट प्रतिनिधित्व हुने गरी गाउँ कार्यपालिकाले तोकेको ३ जना ब्यक्तिः **सदस्य**

**ङ.** गाउँ कार्यपालिकाले तोकेको सम्बन्धित विषयगत शाखा प्रमुख-**सदस्य सचिव**

२. दफा ११ को उपदफा (१) बमोजिमको पदाधिकारी तथा सदस्यहरुको मनोनयन गाउँ कार्यपालिकाले समावेशी सिद्वान्तको आधारमा गर्नेछ

**६.सल्लाहकार समितिको गठनः** पालिका क्षेत्रको साहित्य ललितकला भाषा संगित र संस्कृतिको संरक्षण प्रवर्द्धनका लागि राष्ट्रिय स्तरका ख्याति प्राप्त स्रष्टाहरुसमेत रहने गरी सल्लाहकार समिति गठन गर्न सकिनेछ । आवश्यकता अनुसार राष्ट्रिय स्तरका प्रतिष्ठान तथा व्यक्तिहरुसंग समन्वय र सहकार्य गर्न सकिनेछ ।

**७. पदावधिः** दफा ५ को उपदफा (१) बमोजिम गठन भएको प्रतिष्ठानको पदाधिकारी तथा सदस्यको पदावधि गठन भएको मितिले ४ वर्ष हुनेछ।

**८. राजिनामाः** अध्यक्षले कुनै कारणवश आफ्नो पदबाट राजिनामा दिन चाहेमा गाउँपालिका अध्यक्ष समक्ष र अन्य सदस्यहरुले अध्यक्ष समक्ष राजिनामा पेश गर्नु पर्नेछ ।

**९. पद रिक्त हुने अवस्थाः** (१) दफा ५ उपदफा (१) बमोजिम गठन भएको प्रतिष्ठानको पदाधिकारी तथा सदस्यहरुको देहायको अवस्थामा पद रिक्त भएको मानिनेछः

क. कुनै पदाधिकारी तथा सदस्यले पदावधि रहँदै राजिनामा दिएमा,

ख. अन्य कुनै कारणले राजिनामा दिएमा,

ग. फौजदारी अभियोगमा सजाय पाएमा,

घ. स्थायी तवरले बसाई सरी गाउँपालिका क्षेत्र बाहिर गएमा,

ङ. पदीय दायित्व सन्तोषजनक ढङ्गले बहन नगरी गाउँ कार्यपालिकाले पदबाट फिर्ता बोलाएमा,

च. निजको पदावधि समाप्त भएमा,

छ. निजको मृत्यु भएमा ।

**१०. पुनः पदपूर्ति सम्बन्धि व्यवस्थाः** (१) दफा ९ बमोजिमका कारणले प्रतिष्ठानको पदाधिकारीहरुको पद रिक्त भएमा वा अन्य कारणले रिक्त भई बाकीँ पदावधि २ वर्ष भन्दा बढी भएमा गाउँ कार्यपालिकाले दफा १३ बमोजिम योग्यता पुगेका व्यक्तिहरु मध्येबाट गाउँ कार्यपालिकाले प्रतिष्ठानको रिक्त रहेको पदमा मनोनयन गर्न सक्नेछ ।

**११. प्रतिष्ठानको पदाधिकारी तथा सदस्यमा मनोनयन गर्न देहाय बमोजिमको योग्यता हुनु पर्नेछः**

क. २१ वर्ष पुगेको नेपाली नागरिक,

ख. प्रतिष्ठानको कार्य बारे प्रयाप्त जानकारी भई योगदान पुर्याउन सक्ने व्यक्ति,

ग. को क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएको व्यक्ति,

घ. गाउँपालिकाको नागरिक/ गाउँपालिका भित्र स्थायी वसोबास गरी योगदान पुर्याउने व्यक्ति,

ङ. फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति,

च. मानसिक सन्तुलन ठीक भएको व्यक्ति,

छ. बैङ्क तथा बित्तिय संस्थाको कालो सूचिमा नपरेको व्यक्ति,

ज. अन्य कुनै प्रचलित कानूनले अयोग्य नठहराएको व्यक्ति ।

## परिच्छेद-३

## प्रतिष्ठानको काम, कर्तव्य र अधिकार साथै प्रतिष्ठानका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार

**१२. प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क. नेपाली भाषा लगायत पालिका भित्रका अन्य भाषाहरु तिनमा लेखिएका साहित्य, संस्कृति, सामाजिक मान्यता र दर्शन सम्बन्धी विभिन्न विषयको अध्ययन, अनुसन्धान र अन्वेषण गर्ने गराउने,

ख. मौलिक सिर्जनाका माध्यमद्वारा ती विषयमा उपयोगी कृतिहरु तयार गर्ने, गराउने,

ग. पालिका भित्र यस क्षेत्रका विद्वान एवम् प्रतिभाहरुको समुचित कदर एवम् सम्मान गर्ने,

घ. उपर्युक्त विषयमा अन्य संस्थासंग सम्बन्ध विस्तार गर्ने,

ङ. पालिका स्तरमा सिर्जनात्मक चिन्तन र रचनात्मक कार्यमा जनताको सहभागिता र अभिरुचि बढाई बौद्धिक तथा सास्कृतिक क्षेत्रको सर्वाङ्गण विकास गर्न,

च. पालिका भित्रका भाषा, साहित्य, संस्कृति, सामाजिक र दर्शन सम्बन्धी विभिन्न विषयमा अनुसन्धानात्मक तथा मौलिक कृतिहरुको सिर्जना गर्ने गराउने

छ. नेपाली र पालिका भित्रका अन्य भाषाहरुमा विदेशी भाषाका उच्च स्तरीय कृतिहरुको अनुवाद गर्ने, गराउने तथा नेपाली र पालिका भित्रका अन्य भाषाहरुका उच्च स्तरीय कृतिहरुको विदेशी भाषाहरुमा तथा नेपालकै विभिन्न भाषामा अन्तरभाषिक अनुवाद गर्ने, गराउने,

ज. भाषा, साहित्य, संस्कृति, सामाजिक तथा दर्शनका विभिन्न विषयमा राष्ट्रिय तथा पालिका स्तरका प्रवचन गोष्ठी विचार विमर्श सम्मेलन प्रदर्शनी आदी गर्ने गराउने

झ. प्रज्ञा प्रतिष्ठान र सम्बद्ध राष्ट्रिय संघ संस्थासंग सम्बन्ध राख्ने तिनसंग मिलि सांस्कृतिक एवम् प्राज्ञिक गतिविधि आदान प्रदान गर्न

ञ. भाषा, साहित्य, संस्कृति, समाज र दर्शनका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने स्वदेशी विद्वान एवम् पालिका स्तरका विद्वान साहित्यकार एवम् कलाकारहरुको कदर तथा सम्मान गर्न

ट. सम्बद्ध विषयका विद्वान, साहित्यकार र विशेषज्ञहरुको प्रतिभा विकसित हुने वातावरणको सिर्जना गर्ने

ठ. विशिष्ट विद्वान तथा साधकहरुलाई मानार्थ तथा आजिवन सदस्यता प्रदान गर्ने ।

**१३. प्रतिष्ठानका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकारः**

**१. प्रतिष्ठानको अध्यक्षको काम, कर्तव्य र अधिकारः**

क. प्रतिष्ठानको नेतृत्व गर्ने,

ख. प्रतिष्ठानको बैठकको अध्यक्षता गर्ने र बैठकमा कुनै विषय सर्वसहमतिबाट निर्णय हुन नसकि मत बरावर भएमा निर्णायक मत दिने,

ग. सदस्य सचिवलाई बैठक बोलाउन निर्देशन दिने,

घ. बैठकमा आयोजना तथा प्रस्ताव पेश गर्ने,

ङ. बैठकको निर्णय प्रमाणित गर्न बैठकको निर्णय कार्यान्वयन गर्ने गराउने,

च. गाउँपालिका तथा गाउँपालिका अध्यक्षसंग सम्पर्क समन्वय गर्ने,

छ. प्रतिष्ठानको कोषको खाता सदस्य सचिवसंग संचालन गर्ने,

ज. आय व्ययको श्रेष्ता दुरुष्त राख्न लगाउने,

झ. पदाधिकारी तथा सदस्यहरुको राजिनामा स्वीकृत गर्ने,

ञ. प्रतिष्ठानले निर्णय गरेका अन्य कार्यहरु गर्ने गराउने ।

**२.प्रतिष्ठानको सचिवको काम, कर्तव्य र अधिकारः**

**क.** प्रतिष्ठानको प्रशासकीय प्रमुखको हैसियतमा काम गर्ने

**ख.** अध्यक्षको परामर्शमा प्रतिष्ठानको बैठक बोलाउने,

**ग.** बैठकको निर्णय उतार गरी अध्यक्षलाई प्रमाणित गराई बैठक पुस्तिका सुरक्षित राख्ने र राख्न लगाउने,

**घ.** कर्मचारीको रेखदेख,नियन्त्रण र निर्देशन गर्ने,

**ङ.** प्रतिष्ठानको तर्फबाट गर्नुपर्ने प्रशासनिक सम्पूर्ण कार्य गर्ने गराउने,

**च.** अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने गराउने,

**छ.** प्रतिष्ठानको सम्पूर्ण आर्थिक कारोवारको जिम्मेवारी लिई कार्य गर्ने गराउने,

**ज.** प्रतिष्ठानको कोषको संचालन गर्ने,

**झ.** प्रतिष्ठानको नाममा रहेको बैंङ्क खाता अध्यक्षसंग संयुक्त रुपमा संचालन गर्ने,

ञ. कानून बमोजिम आर्थिक कारोबारको श्रेष्ता राख्न लगाउने,

**ट.** गाउँपालिकाले तोकेको लेखा परीक्षकद्वारा लेखा परीक्षण गराउने र प्राप्त भएका बेरुजु फछ्यौट गर्ने गराउन ।

**३. प्रतिष्ठानका सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

**क.** अध्यक्ष तथा प्रतिष्ठानलाई सहयोग गर्ने,

**ख.** बैठकमा सहभागी भई आफ्नो मत व्यक्त गर्ने,

ग. प्रतिष्ठान तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-४

## प्रतिष्ठानको बैठक, गणपुरक संख्या र प्रतिष्ठानको कोष संचालन प्रणाली

### १४. प्रतिष्ठानको बैठक र गणपुरक संख्या

क. प्रतिष्ठानको बैठक आवश्यकता अनुसार बस्नेछ

ख. बैठकको गणपुरक संख्या पुग्न एकाउन्न प्रतिशत सदस्यको उपस्थिति अनिवार्य हुनु पर्नेछ,

ग. गण पुरक संख्या नपुगी स्थगित भएको बैठक एक दिन पछि बस्नेछ । सो बैठकमा उपस्थिति संख्या नै गणपुरक संख्या पुगेको मानिने छ,

घ. बैठकमा अध्यक्षले प्रताव गरेको विषयमा मात्र छलफल र निर्णय हुनेछ,

ङ. बैठकमा कुनै सदस्यले प्रस्ताव पेश गर्नुपर्दा अध्यक्षले स्वीकृति दिए पछि मात्र पेश गर्न सकिनेछ,

च. बैठकमा निर्णय सकभर सर्वसहमतिबाट गरिनेछ।यदि सर्वसहमतिबाट निर्णय हुन नसके बहुमतबाट निर्णय गरिनेछ,

छ. प्रतिष्ठानको बैठक अध्यक्षले निर्धारण गरेको मिति, समय र स्थानमा मात्र बस्नु पर्नेछ,

**१५. प्रतिष्ठानको आय व्यय संचालन गर्न देहाय बमोजिमको कोष संचालन प्रणाली हुनेछः**

**क.** प्रतिष्ठानको लागि प्राप्त हुने सम्पूर्ण रकम प्रतिष्ठानको नाममा रहेको बैक खातामा जम्मा गरेर मात्र खर्च गरिनेछ,

**ख.** प्रतिष्ठानको कोषमा देहाय बमोजिम रकम प्राप्त हुनेछः

- ✓ गाउँपालिकाले वार्षिक वजेटको रुपमा उपलब्ध गराउने रकम,
- ✓ दान, दातव्य, अनुदान र सहयोगबाट प्राप्त हुने रकम,
- ✓ सेवा संचालनबाट प्राप्त हुने रकम,
- ✓ अन्य रकम ।

**ग.** कोषको संचालन प्रचलित लेखा प्रणालीबाट गर्नु पर्नेछ ।

**घ.** प्रतिष्ठानको आर्थिक वर्ष गाउँपालिकाको आर्थिक वर्ष सरह हुनेछ ।

**ङ.** प्रतिष्ठानको कोष संचालनको लागि विकास तथा वाणिज्य बैंङ्कमा खाता खोली अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

**च.** आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र गाउँपालिकाले तोकेको लेखा परीक्षकबाट लेखापरीक्षण गराई गाउँपालिकामा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद-५

**१६.कार्यालय, कर्मचारी व्यवस्था र प्रतिष्ठानको छाप**

**क.** प्रतिष्ठानको बेग्लै कार्यालय रहनेछ,

**ख.** प्रतिष्ठानको कार्यालय गाउँपालिकाले निर्धारण र उपलब्ध गराएको स्थान र भवनमा रहनेछ,

**ग.** प्रतिष्ठानलाई आवश्यक पर्ने कर्मचारी व्यवस्था गाउँपालिकाले गर्नेछ र कर्मचारीको आर्थिक दायित्व समेत गाउँपालिकाले वहन गर्नेछ ।

घ. कर्मचारी तथा अन्य आवश्यकता वारे प्रतिष्ठानले गाउँपालकालाई जानकारी गराउने पर्नेछ ।

ङ. प्रतिष्ठानको वेग्लै छाप लेटर प्याड र साइनवोर्ड हुनेछ ।

**च.** प्रतिष्ठानकको छाप लेटर प्याड र साइनवोर्ड प्रतिष्ठान गठन भएपछि प्रतिष्ठानको पहिलो वैठकले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-६

## विविध

**१७.संशोधन** :

क. प्रतिष्ठानको संचालन कार्यविधि संशोधन गर्न आवश्यक भएमा प्रतिष्ठानले तयार गरी गाउँपालिकाको अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ ।

**ख.** दफा १ बमोजिमको प्रस्ताव उपयुक्त लागेमा गाउँपालिका अध्यक्षले कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट स्वीकृत भएमा मात्र संचालन कार्यविधि संशोधन भई कार्यान्वयन हुनेछ ।

**ग.** कुनै विषय अस्पष्टता भई विवाद भई निरुपण हुन नसकेको खण्डमा सो विषयमा गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ,

**१८.बचाउ र खारेजी** : माडी गाउँपालिकाको प्रज्ञा प्रतिष्ठान संचालन कार्यविधि नेपालको संविधान तथा प्रचलित कानूनसंग बाँझिएमा बाँझिएको हदसम्म बदरभागी हुनेछ,

**१९.शपथः** प्रतिष्ठानको पदेन बाहेक पदाधिकारी तथा सदस्यहरुले आ–आफ्नो पदभार संहाल्नु अघि अध्यक्षले, गाउँपालिका अध्यक्ष समक्ष र अन्य पदाधिकारी तथा सदस्यहरुले अध्यक्षसमक्ष शपथ लिनुपर्नेछ ।

आज्ञाले
युवराज परियार
प्रमुख प्रशासकीय अधिकृत